मुख्यमन्त्री

कर्णाली प्रदेश सरकार
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र-सङ्ख्या : ०८३।०८४
चलानी सङ्ख्या : ०३

# हार्दिक अपिल

सुनसरी, सिराहा लगायत मधेश प्रदेश तथा देशका विभिन्न स्थानहरूमा विगत केही दिनयता मानवीय र धनजनको क्षति हुने गरी भएका घटनाप्रति कर्णाली प्रदेश सरकार गहिरो दुःख व्यक्त गर्दछ ।

यस्ता दुःखद घटनाले सामाजिक सद्भाव, धार्मिक सहिष्णुता तथा राष्ट्रिय एकतामाथि प्रतिकूल प्रभाव पार्नुका साथै मुलुकमा अशान्ति र असुरक्षाको वातावरण सिर्जना हुनु अत्यन्तै चिन्ताजनक विषय हो।

यी घटनामा ज्यान गुमाउनु भएका सम्पूर्णप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु । साथै, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

सामाजिक सद्भाव, धार्मिक सहिष्णुता, सामाजिक न्याय तथा राष्ट्रिय एकताको भावना सुदृढ बनाउनु हामी सबैको साझा दायित्व हो। वर्तमान संवेदनशील परिस्थितिमा सबै पक्षले उच्च संयमता अपनाई कानूनको पूर्ण पालना गर्न तथा शान्ति, सद्भाव, भाइचारा र आपसी विश्वासलाई केन्द्रमा राखी अघि बढ्न आवश्यक छ ।

कर्णाली र मधेशबीच सामाजिक, आर्थिक तथा सांस्कृतिक दृष्टिले धेरै साझा विशेषता र आत्मीय सम्बन्ध रहेका छन्। त्यसैले मधेशले भोगिरहेको यस दुःखको घडीमा कर्णाली प्रदेश सरकार तथा कर्णालीवासीहरू पनि उत्तिकै मर्माहत भएका छौं ।

यस संवेदनशील अवस्थामा कुनै पनि जातजाती, भाषा, धर्म वा सम्प्रदायबीच वैमनस्य फैलाउने गतिविधिबाट टाढा रहँदै शान्ति, सद्भाव, सहिष्णुता, कानुनी शासन र राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, सञ्चार माध्यम, सरोकारवाला निकाय तथा आम नागरिकमा हार्दिक अपिल गर्दछु।

१५ श्रावण २०८३

मंगल बहादुर शाही
मुख्यमन्त्री